# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूर पश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

**चमेनागृह संचालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
**प्रथम पटक प्रकाशित मिति २०८१।०१। ३१**

यस धनगढी उपमहानगरपालिका कार्यालयको हाता भित्र ३ बर्ष सम्मको लागि चमेनागृह संचालन गर्नु पर्ने भएकोले चमेनागृह संचालन गर्न ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले देहाय बमोजिम सूचनाको शर्तहरुको अधिनमा रही १५ दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ ।

शर्तहरू

१. न्यूनतम बढाबढ ठेक्का अंक प्रति महिना रु. २२,०००। (अक्षरूपी बाईस हजार मात्र) कायम गरिएकोछ ।
२. चमेनागृह संचालनको अवधि तीन बर्षको हुनेछ ।
३. चमेनागृह संचालन गर्ने स्थान तथा भवन कार्यालयले उपलब्ध गराउने छ । चमेनागृह संचालनका लागि आवश्यक अन्य सम्पूर्ण सामाग्रीको व्यवस्था संचालक स्वयंले गर्नु गर्नेछ ।
४. कार्यालयले तोकी दिएको समयमामात्र चमेनागृह संचालन गर्न पाईनेछ ।
५. चमेनागृहमा अबैध मालसमान, मद्यपान र धूमपानका सामानहरु राख्न र बिक्री वितरण गर्न पाईनेछैन ।
६. चमेनागृहमा विद्युत आपूर्तीको लागि दोश्रो पक्षको नाममा विद्युत मिटर प्रथम पक्षले जडान गर्नेछ । उक्त मिटरमा उठेको सम्पूर्ण रकम दोश्रो पक्षले नियमित रुपमा तिर्नु पर्नेछ ।
७. चमेनागृह संचालकले प्रथम पक्षको पूर्व स्वीकृती बिना अन्य व्यक्ती वा कम्पनीलाई चमेनागृह हस्तान्तरण गर्न पाइने छैन ।
८. प्रस्ताव पेश गर्ने व्याक्ति, फर्म वा कम्पनीले प्रस्ताव स्वीकृत भए पछि सम्झौता गर्नुपूर्व यस कार्यालयमा व्यवसाय दर्ता गर्नुको साथै आन्तरिक राजस्व कार्यालयमा समेत दर्ता गरी प्रमाण पेश गर्नु पर्नेछ ।
९. ईच्छुक ब्यक्ति,फर्म वा कम्पनीहरूले दरभाउपत्र खरिद वापतको यस कार्यालयको राजश्व शाखाबाट नगद रु. १,०००। (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
१०. टेण्डर डकुमेन्ट १५ औ दिनको ५ बजे भित्र खरिद गरि सक्नु पर्नेछ । दरभाउपत्र १६ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ । सोहि दिनको २.०० बजे खोलिने हुदा

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सुदूर पश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

सो समयमा दरभाउपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ । उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

११. दरभाउपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य हुनेछ ।

१२. दरभाउपत्रमा दरको अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको र म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन ।

१३. यस शर्तमा लेखेका विषय हरू यसै बमोजिम र छुट भएका विषयहरू बोलपत्रमा उल्लेखित शर्तहरू, यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, स्थानीय सरकार संचालन ऐन २०७४, नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०८० र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका बिबरणहरू सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१४. दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र दाताले आफुले कबोल अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न.४१७०१००३०३००००२ मा जम्मा गरेको भौचर वा सो रकम बराबर १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।

१५. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरूजु उल्लेख भएका ब्यक्ति,फर्म वा कम्पनीहरूले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरूजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सूचित गरिन्छ ।

१६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१७. यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत